# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडासँग National Bank of Kazakhstan का गभर्नरद्वारा भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग National Bank of Kazakhstan का गभर्नर तथा पूर्व प्रधानमन्त्री Mr. Marchenko Grigiriy Aleksandrovich ले गत वैशाख १९ गते बैंकको केन्द्रीय कार्यालय वालुवाटारमा शिष्टाचार भेटवार्ता गर्नु भयो ।



सो अवसरमा गभर्नर डा. खतिवडा र काजकिस्तानका गभर्नर Mr. Aleksandrovich वीच आ-आफ्नो देशका केन्द्रीय बैंकको उद्देश्य, कार्य तथा संगठनात्मक स्वरुप लगायतका विषयहरुका वारेमा छलफल तथा विचार विमर्श भयो ।

काजकिस्तानका गभर्नर Mr. Aleksandrovich ले वर्तमान समष्टिगत आर्थिक स्थिति, विकासका विविध आयामहरु, स्वायत्त केन्द्रीय बैंकका रुपमा नोट छपाई र टकमरीमा पाएका सफलता तथा अन्य विषयहरूको वारेमा समेत चर्चा गर्नुभयो । उहाँले आफ्नो देशको ₸ ५००० दरको कागजी नोट विश्वको उत्कृष्ट नोटको रुपमा छनौट भएको जानकारी गराउनु भएको थियो भने विकासोन्मुख राष्ट्रले प्रविधि र अनुसन्धानमा लगानी बढाउन सकेको खण्डमा द्रूततर आर्थिक वृद्धि हासिल गर्नसक्ने धारणा समेत राख्नुभयो ।

गभर्नर डा. खतिवडाले काजकिस्तानको केन्द्रीय बैंकले बैंक नोट छपाई र टकमरी जस्ता क्षेत्रमा प्रविधिको अधिक उपयोग गरी हासिल गरेका उपलब्धि, यसमा संलग्न जनशक्तिको क्षमताको सह्राना गर्नु हुदै आउँदा दिनहरुमा दुवै देशका केन्द्रीय बैंकहरुले निर्वाह गर्नुपर्ने भूमिकालाई प्रभावकारी बनाउन अनुभवको आदान प्रदानका माध्यमबाट असल सम्बन्ध कायम राख्न सकिने विचार व्यक्त गर्नु भएको थियो ।

भेटमा डेपुटी गभर्नर श्री महा प्रसाद अधिकारीको पनि उपस्थिति रहेको थियो । गभर्नर डा. युवराज खतिवडाको मैत्रीपूर्ण निमन्त्रणामा बैशाख १८ गते नेपाल आउनु भएका काजकिस्तानका गभर्नर Mr. Marchenko Grigiriy Aleksandrovich बैशाख २० गते काठ्माडौंबाट दिल्ली प्रस्थान गर्नु भयो ।

**गभर्नरको कार्यालय**
मिति २०७०।१।२०